# माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई)

## नमुना प्रश्न पत्र

**सेटः १**

विषय : **अनिवार्य नेपाली** पूर्णाङ्कः ७५

समय : ३ घण्टा

**१. समूह 'क' मा दिइएका शब्दका अर्थ समूह 'ख' बाट पहिचान गरी लेख्नुहोस् :** (२)

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| नजरबन्द | दुलहीका बाबुले बेहुलालाई गर्ने पूजा |
| दृष्टान्त | सुरिलो |
| वरणी | झझल्को |
| आभाषा | उदाहरण |
| | कुनै ठाउँमा बन्द गरिएको |
| | पकवान्न |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** (२)

सुन्दर हिमालहरू, परिश्रमी नेपालीहरू अनि सेतो टोप लगाएको सगरमाथा भएको मेरो देश ज्ञानको पुस्तिका हो ।

(क) 'कुरूप' को विपरीतार्थी शब्द ...................... हो ।

(ख) .............. को पर्यायवाची मिहिनेती हो ।

(ग) पुस्तकको लघुतावाची ............. हो ।

(घ) 'तोप' को श्रुतिसमभिन्नार्थी ............... हो ।

**३. दिइएको अनुच्छेदबाट एउटा उखान वा तुक्का र एउटा पारिभाषिक/प्राविधिक शब्द वा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

शिक्षणलाई प्रभावकारी रूपले श्री गणेश गर्न पाठयोजना बनाउनु अनिवार्य हुन्छ । जब भयो राती तब बूढी ताती भने झैं हस्याङफस्याङ गर्दै पढाएमा पढाउनुको उद्देश्य पूरा हुँदैन ।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** (१)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (अ) | अस्टाङ्ग | (आ) | अष्टाङग | (इ) | अष्टाङ्ग | (ई) | अष्टाङ्ग |
| (अ) | बौद्धीक | (आ) | बौद्धिक | (इ) | वौध्दिक | (ई) | बौद्धिक |

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

पिकासोका कला कृति प्रकृतिगत दृस्टिले विवीध प्रकारका छन्

**५. दिइएको वाक्यमा रेखाङ्कन गरिएको पदहरूका पदवर्ग पहिचान गर्नुहोस् :** (३)

<u>उनी</u> आँगनमा <u>आएर</u> नउभिदिएसम्म मानिस <u>आफ्नो</u> <u>चाडबाड</u>, काजकल्याण अपूर्ण <u>सम्झन्थे</u> ।

**६. दिइएका प्रश्नका उत्तर दिनुहोस् :** (२+२=४)

**(क) दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेका शब्दहरू पहिचान गरी तिनको निर्माण प्रक्रिया देखाउनुहोस् :**

स्वस्थ्य तनलाई खुसी मनको आधार मानिन्छ । मानिसका आफ्नै असावधानीका कारण

रोगव्याधिले शरीरमा अनधिकृत रूपमा प्रवेश पाउँछन् । मान्छेले त्यसबाट मुक्ति पाउन प्रयत्न गर्छ ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्दहरू पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

हरेक दिन चौबाटोमा बसेर कामसाम नगरी अरूलाई झैझगडामा उक्साउनेहरूलाई देख्दा दिक्क लाग्छ ।

**७. दिइएको अनुच्छेदलाई अज्ञात भूतकालमा परिवर्तन गर्नुहोस् : (२)**

उनीहरू आफ्नो काम आफैं गर्छन् । उनीहरू पढाइमा पनि ध्यान दिन्छन् । उनीहरू परीक्षामा राम्रो अङ्क ल्याउँछन् । उनीहरू सबैको सम्मान पनि पाउँछन् ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (२)**

क. आज्ञार्थकका फरक फरक क्रियापदहरूको प्रयोग गरी चार वाक्यमा बहिनीलाई पढाइमा ध्यान दिन सल्लाह दिनुहोस् ।

ख. दिइएका निम्न आदरका वाक्यहरूलाई उच्च आदरमा बदल्नुहोस् :

तँ खाना खाएर मेला भर्न जान्छस् । दिनभरि मेला भरेर साँझ घर आउँछस् । समयमा घर आई आफ्नो काम पूरा गर्छस् । त्यसपछि खाना खान्छस् र विस्तारामा गई सुत्छस् ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : (४)**

(क) बतासेले सम्झाएकाले जमानसिंह स्वदेश फर्कियो । (वाक्य विश्लेषण)

(ख) लक्ष्मीप्रसाद देवकोटाले 'मुना मदन' लेखे । (कर्यवाच्य)

(ग) राम प्रथम हुन्छ । (प्रेरणार्थक)

(घ) तिमीले मलाई मेरो नाम के हो भनी सोध्यौ । (प्रत्यक्ष कथन)

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नका उत्तर दिनुहोस् : (४)**

आचार्य चाणक्यले मित्र र शत्रुका केही खास विशेषता बताएका छन् । यसबाट मानिसले सही मित्र सजिलै छान्न सक्छन् । आचार्य चाणक्य महान् शासक चन्द्रगुप्त मौर्यका गुरू थिए । उनको नीतिलाई चाणक्य नीति भनिन्छ । चाणक्य नीतिमा शत्रु र मित्र कसरी चिन्ने भन्नेबारे चर्चा गरिएको छ । आचार्य चाणक्यका अनुसार जीवनमा सफल हुनका लागि सच्चा र असल मित्र बनाउनुपर्छ । जीवनमा सफल हुनका लागि शत्रु हुनु पनि उत्तिकै जरूरी छ । चाणक्यका अनुसार मित्रले मानिसलाई सहयोग गर्छ तर शत्रुले मानिसका कमजोरीहरूलाई देखाएर सुधार्न मद्दत गर्छ । उनका अनुसार मानिस आफ्ना मित्रको कमजोरी र शक्तिका बारेमा राम्ररी जान्न सक्छन् । आफ्नो शत्रुलाई पराजित गर्न चाहने हो भने उसका कमजोरी र शक्तिका बारेमा जान्नु पनि धेरै महत्वपूर्ण हुन्छ । यदि सम्भव छ भने शत्रुसँग पनि मित्रता कायम राख्नु राम्रो हुन्छ । यदि कसैले सफलता प्राप्त गर्नु छ भने शत्रुसँग पनि राम्रो व्यवहार गर्नुपर्छ ।

(क) रेखाङ्कित पदावली आचार्य चाणक्यलेको कारक र विभक्तिको नाम लेख्नुहोस् ।

(ख) अन्तिम वाक्य यदि कसैले सफलता प्राप्त गर्नु छ भने शत्रुसँग पनि राम्रो व्यवहार गर्नुपर्छ, लाई अकरणमा बदल्नुहोस् ।

(ग) मानिसले सही मित्र सजिलै छान्न सक्छन् यस वाक्यमा उद्देश्य र विधेय के के हुन् ?

(घ) आफ्नो शत्रुलाई पराजित गर्न चाहने हो भने उसका कमजोरी र शक्तिका बारेमा जान्नु पनि धेरै महत्तवपूर्ण हुन्छ, यस वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नका उत्तर दिनुहोस् : (४)**

मानिस र वनस्पतिबिच गहिरो सम्बन्ध छ । मानिसको बाँच्ने आधार वनस्पति हो । माना, दाना र नाना जस्ता मानिसका आधारभूत आवश्यकताको प्रमुख स्रोत वनस्पति हो । उद्योगका लागि आवश्यक कच्चा पदार्थका मूल स्रोत वनस्पति हुन् । आजको दिख अर्थतन्त्रको करिब ४० प्रतिशत अंश प्रत्यक्ष वा परोक्ष रूपमा वनस्पति लगायतका जैविक स्रोतको उपयोगमा आधारित छ । त्यति मात्र होइन मानिसलाई सास फेर्न र बाँच्न नभई नहुने अमूल्य तत्त्व अक्सिजनको स्रोत हरिया वनस्पति नै हुन् । हरेक वनस्पति सेवन वा अन्य प्रयोजनका लागि उपयोगी नभए पनि यिनका सबै प्रजातिले मानिसका निम्ति अपरिहार्य अक्सिजन भने निरन्तर रूपमा उत्पादन गरिरहन्छन् । मानिसका लागि काम नलाग्ने वनस्पति चाहिँ यस संसारमा कुनै पनि छैन । त्यसैले मानिसको अस्तित्वका लागि वनस्पति जगतको महत्त्वपूर्ण योगदान रहेको हुन्छ ।

(क) मानिस र वनस्पतिबिच गहिरो सम्बन्ध हुनुको कारण के हो ।
(ख) प्राणवायु अक्सिजनको मूल स्रोत के हो ?
(ग) मानिसले वनस्पतिबाट के के प्राप्त गर्छन् ।
(घ) वनस्पतिको संरक्षणविना मानव जीवनको अस्तित्व सम्भव छैन, कसरी ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । (४)**

**(क) दिइएका बुँदाहरूका आधारमा शीर्षकसहित एक छोटो कथा तयार पार्नुहोस् :**

- पाण्डवहरू वनबास रहेको समय हुनु,
- एक जना ब्राहमण आएर पाण्डवसँग मृगले सिङमा उनेर लगेकी छोरी बचाइदिन आग्रह गर्नु,
- पाण्डवहरू मृगलाई खोज्न हिँड्नु,
- उनीहरूलाई धेरै तिर्खा लाग्नु,
- युधिष्ठिरले भाइ सहदेवलाई पानी खोज्न पठाउनु,
- सहदेवले पोखरीमा पानी खान लागेका बेला यक्ष आउनु
- यक्षले आफ्ना प्रश्नको उत्तर नदिई पानी नखान भन्नु
- सहदेवले अटेर गरेर पानी खानु,
- एक घुटका पानी खानासाथ सहदेव बेहोस हुनु,
- ठुलाले भनेको नमान्दा समस्यामा पर्नु ।

**(ख) अध्ययनको महत्व, शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४)**

(क) तपाईं आफूले एस.इ.इ. उत्तीर्ण गरेपछि चारित्रिक प्रमाणपत्रक लागि चाहिने निवेदनको नमुना प्रस्तुत गर्नुहोस् ।
(ख) आफ्नो विद्यालयले आयोजना गरेको विज्ञान प्रदर्शनीको अवलोकनका लागि अभिभावकहरूलाई लेखिने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट चारओटा बुँदाहरू टिप्नुहोस् : (२)**

बालबालिकाका निम्ति लेखिएको र बालबालिकाद्वारा रचिएको साहित्य बालसाहित्य हो । बालसाहित्यको विषयवस्तु छनोट गर्दा बालकको उमेर, रूचि, आवश्यकता, मनोविज्ञान आदिलाई विशेष ध्यान दिनुपर्छ । बालबालिकामा घुमफिर, खेलकुद, संस्कृति, सहयोग, मायाममता, मेलमिलाप, सम्मान, पुरस्कारका प्रसङ्ग समेटिएका विषय तथा घटनाले कौतुहल सिर्जना गर्छ । बालपरिवेसका घटनाका रोचक प्रस्तुतिले बालबालिकालाई आफ्नै जीवन तथा क्रियाकलाप पढे जस्तो अनुभूति

गराउँछ र मनोरञ्जन प्रदान गर्छ । विभिन्न विषयक्षेत्रसँग सम्बन्धित तथा समावेश भएका रचनाले बाल जिज्ञासाको समाधान गर्न सक्छ । बालसाहित्यले बालबालिकालाई सिर्जनात्मक क्षमता अभिवृद्धि गर्न मद्दत गर्छ । यसले बालबालिकालाई आत्मविश्वासको भावना बढाउन, राष्ट्रप्रेमको भावना जागृत गराउन मद्दत गर्छ । विविध कला, संस्कृति, परम्परामा भएका विशिष्ट मूल्यमान्यता तथा लोकसंस्कृतिको हस्तान्तरण गर्न, शब्दभण्डार तथा भाषिक क्षमताको अभिवृद्धि गर्न सहयोग गर्छ । पाठ्यक्रमले निर्देश गरेका सिकाइ उपलब्धि हासिल गराउनका लागि सन्दर्भ सामग्रीका रूपमा पनि बालसाहित्यको उपयोग गर्न सकिन्छ । त्यसैले विद्यालयको पुस्तकालयमा बालसाहित्यका पुस्तक पर्याप्त मात्रामा हुनु जरूरी छ । सूचनाको ज्ञान तथा सिर्जन सिपको प्रवर्धन गर्दै बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न बालसाहित्यको आवश्यकता पर्छ ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांश सारांश लेख्नुहोस् :** **(३)**

समीक्षात्मक सोच भनेको कुनै पनि विषयवस्तु वा कृतिका बारेमा गुण दोष छुट्याउन गरिने विवेचनात्मक सोच हो । समीक्षात्मक सोच चिन्तनको एउटा त्यस्तो प्रक्रिया हो, जसमा आफ्नो मौलिकताको दाबीसहित तिनलाई सकारण पुष्टि गरिन्छ । शिक्षण सिकाइका क्रममा पनि यसको उपयोग गरिन्छ । विद्यार्थीले पढेका पाठको विवेचनासहित मौखिक अथवा लिखित रूपमा पुष्टि गर्दा समीक्षात्मक सोचको सार्थक उपयोग हुन्छ । शिक्षक र साथीभाइले राखेका तर्कको विश्लेषण गर्दा समीक्षात्मक सोचको उपयोग हुन्छ । समीक्षात्मक सोचले अनुसन्धानमा आधारित शिक्षण विधिलाई अगाडि सार्छ । यसबाट विद्यार्थीलाई प्रतिबिम्बात्मक रूपमा चिन्तन गर्न, आफ्नो व्यक्तिगत सिकाइको जिम्मेवारी लिन तर्कको सङ्गति बुझ्न ध्यान दिएर सुन्न, आत्मविश्वासका साथ बहस गर्न तथा जीवनपर्यन्त सिकाइका लागि आत्मनिर्भर बनाउँछ । समीक्षात्मक सोयले हामीलाई आफ्नो चिन्तनका बारेमा सोच्न र आफ्ना सोचपछाडिका कारणबारे सोच्न पनि मदत गर्छ । यसको अर्थ आफूले निर्णय लिने अथवा समस्या समाधान गर्ने तरिकाबारे फर्केर हेर्नु हो । त्यसैले कक्षाकोठामा विद्यार्थीलाई कुनै पनि विषयमा आफैंले सोच्न प्रोत्साहित गर्नुपर्छ र समीक्षालक सोचमा तल्लीन बनाउनुपर्छ । यसको उपयोग आधारभूत शिक्षादेखि उच्च शिक्षा अध्ययन गर्ने सबै विद्यार्थीमा हुनु जरूरी छ ।

**१६. दिइएका प्रश्नका उत्तर दिनुहोस् :** **(४+४= ८)**

**(क) दिइएको कथांश पढी सोधिएका प्रश्नका उत्तर दिनुहोस् :**

त्यस पाजीलाई अँगालो हाल्न जान लागेको होइन कमला । यहाँ बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो । कुलमा सबैभन्दा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा घरानियाँ कुटुम्बका आँगनमा बरिमोंती लैजानु छ । बाबु चाहिँ फलैंचामा ओछ्यान लाएर लडिरहेछ । जन्तीमा बुढोपाको एउटा छैन । खालि ओठ निचोर्दा दुध झर्ने अल्लारे ठिटा मात्र छन् । घरगृहस्थीको यति ठुलो काममा घरको एक भाइ पनि नगए जोरीपारीले के भन्लान् ?

अ. कथांशका आधारमा वक्ताको चरित्र चित्रण गर्नुहोस् ।

आ. कथांशमा बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो, भन्नुको आशय खुलाउनुहोस् ।

**(ख) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नका उत्तर दिनुहोस् ।**

व्यावसायमूलक शिक्षाका लागि हाम्रो परम्परागत र आधुनिक प्रविधिलाई सँगसँगै अगाडि लैजानु बढी सान्दर्भिक देख्छु । कृषिमा आधुनिक प्रविधि तथा अत्याधुनिक औजारको प्रयोग गर्ने व्यावसायिक शिक्षा विद्यालय तहमा नै प्रदान गर्नु आवश्यक छ । यसका साथै परम्परागत कृषि औजारका बारेमा पनि ज्ञान र सिप उत्तिकै आवश्यक हुन्छ । यस्ता प्राविधिक ज्ञान र सिप प्राप्त गरेका विद्यार्थी व्यावसाय सञ्चालन गर्न सक्ने गरी आत्मनिर्भर हुन उत्प्रेरित हुन्छन् भन्ने मलाई लाग्छ । शिक्षाको मूल उद्देश्य आत्मनिर्भर शिक्षामा जोड दिनु हो भने आत्मनिर्भरताको लक्ष्य स्वरोजगार बन्नु हो ।

अ. विद्यालय तहमा कस्तो शिक्षा प्रदान गर्नु आवश्यक छ ?
आ. देशको हालको शिक्षाले शिक्षाको उद्देश्य पूरा गरेको देखिन्छ त ?

**१७. वास्तवमा तपाईं जमानसिंहका ठाउँमा भए बतासेका कुरा सुनेपछि स्वदेश फर्कनुहुन्थ्यो कि हुँदैनथ्यो र किन ? तर्क दिनुहोस् ।** **(४)**

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** **(४)**

(क) नेपाल बाँचे नेपाली हाम्रो गौरव बाँच्ने छ नेपाली भाषा संस्कृति कला साहित्य साँच्ने छ ।

(ख) हरेक बालबालिकामा विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर र लगनशीलता भए ऊ एउटा कलाकार बन्न सक्छ, जीवनलाई सार्थक बनाउन सक्छ र संसारलाई चहकिलो ज्योति छर्न सक्छ ।

**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** **(७)**

**क. दिइएको कथांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

निकै पछि मैले सुरजमा कता कता कमलको प्रतिछाया भेटें । सुरज मेरो प्यारो कमलको आभाष लिएर जीवनमा आए मभित्र कतै फेरि एक पटक बाँच्ने चाहना जागृत भएको थियो ।

खुसी भएर बाँच्नका लागि कसैको निश्वार्थ मायाको आवश्यकता हुन्छ, आयाम कथाका आधारमा समीक्षा गर्नुहोस् ।

**(ख) दिहाएको कविताशं पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् ।**

विज्ञानको पनि बेग्ले ढङ्ग छ गाउँमा र आङमा घाम लाग्ने नलाग्ने कुराको ठेगान बारीको उब्जाउ हेरेर यकिन गर्न सकिन्छ
यो मेरो देशको सुदूर पूर्वको गाउँ
यो मेरो देशको सुदूर पश्चिमको गाउँ
कविताांशको समेत सहायताले हाम्रा नेपाली गाउँको अवस्थाको समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** **(७)**

(क) बढ्दो बेरोजगारी र यसको समाधान

(ख) नेपालको कृषि क्षेत्रमा आधुनिकीकरण

(ग) मेरो कल्पनाको नेपाल

# माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई)

## नमुना प्रश्न पत्र

**सेटः २**

विषय : **अनिवार्य नेपाली** पूर्णाङ्कः ७५

समय : ३ घण्टा

---

**१. समूह 'क' मा दिइएका शब्दका अर्थ समूह 'ख' बाट पहिचान गरी लेख्नुहोस् :** (२)

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| पौरख | अनुकरण |
| अभिनव | बुध्दका उपदेश भएको ग्रन्थ |
| धम्मपद | सम्पदा |
| संवेदना | मानिसका मनमा हुने मार्मिक अनुभूति |
| | कमाइ |
| | प्रकाश |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** (२)

तिमी सधैँ साँचो बोल । जीवनमा आस्तिक बन । पूजाको थाली सधैँ सफा राख । आफ्नो घरलाई स्वर्ग बनाऊ ।

(क) ................. अनेकार्थी शब्द हो ।

(ख) नास्तिकको विपरीतार्थक शब्द ............... हो ।

(ग) 'गृह' को पर्यायवाची शब्द ............... हो ।

(घ) 'थाल' को लघुतावाची शब्द ................. हो ।

**३. दिइएको अनुच्छेदबाट एउटा उखान वा तुक्का र एउटा पारिभाषिक / प्राविधिक वा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :** (२)

जब भयो राती तब बूदी ताती भनेझैँ सडक विभागले वर्षा लागेपछि मात्र सडक बनाउने काम श्री गणेश गर्छ तर झमझम पानी पर्न थालेपछि अब्बल दर्जाका जमिनमा समेत पनि बढी भएर बर्बाद पार्छ । यस्ता कुरा कक्षा दसको पाठ्यक्रममा समावेश गरिनुपर्छ ।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** (१)

अ. सदैब, सदैव, शदैव, स दैव

आ. पारीश्रमिक, परिश्रमीक, पारिश्रमीक, पारिश्रमिक

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** (२)

मेरो देसमा प्राचिन ज्ञान र आधुनिक विज्ञान सहितको शिक्षा आलश्यक छ

**५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दका शब्दवर्ग पहिचान गर्नुहोस् :** (३)

उनले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे ।

**६. दिइएका प्रश्नका उत्तर दिनुहोस् :** (२+२=४)

**(क) दिइएको अनुच्छेदबाट दुई वटा उपसर्ग लागेका र दुई वटा प्रत्यय लागेका शब्द चिनेर तिनको निर्माण प्रक्रिया देखाउनुहोस् ।**

व्यावसायमूलक शिक्षाका लागि हाम्रो परम्परागत र आधुनिक प्रविधिलाई सँगसँगै अगाडि लैजानु बढी सान्दर्भिक देख्छ । कृषिमा आधुनिक प्रविधि तया अत्याधुनिक औजारको प्रयोग गर्ने व्यावसायिक शिक्षा आजको आवश्यकता हो ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस, र दित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

पीताम्बर ओडेर भातसात नखाई गाईजात्रा हेर्न जान लागेका ठुल्दाइलाई आमाले झैझगडामा नफस्न सल्लाह दिनसभयो

**७. दिइएको अनुच्छेदलाई सामान्य भविष्यत कालमा परिवर्तन गर्नुहोस् :** (२)

म कलेज पढ्छु । बहिनी मलाई, सहयोग गर्छिन् । साथीहरू मलाई साथ दिन्छन् । मेरो पढाइ देखेर आमा खुसी हुनुहुन्छ ।

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** (२)

**(क) इच्छार्थकका फरक फरक क्रियापदहरूको प्रयोग गरी चार वाक्यमा आफ्नो भविष्यका बारेमा वर्णन गर्नुहोस्**

**(ख) दिइएका प्रथम पुरूषका वाक्यलाई तृतीय पुरूषमा परिवर्तन गर्नुहोस् :**

हामी आफ्नै देशमा रमाउँन चाहन्छौं । हामी नेपाली संस्कृतिमा रमाउन चाहन्छौं । म नेपाली संस्कृतिलाई माया गर्छु ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** (४)

(क) श्रीधरले गल्ती गरे । श्रीधरले माफी मागे । (वाक्य संश्लेषण)

(ख) बाटामा पर्यटकहरू भेटिन्छन् । (कर्तृवाच्य)

(ग) म 'आयाम' कथा पढ्छु । (प्रेरणार्थक)

(घ) उसले भन्यो, 'म पोखरा घुम्न जान्छु ।' (अप्रत्यक्ष कथन)

**१०. दिइएको अनुच्छेद पढी उत्तर हेनुहोस् :** (४)

अरूबाट सम्मान पाउन मान्छे दयालु हुनुपर्दोरहेछ । यसका लागि दुःखमा परेका मानिस र छरछिमेकका मानिस तथा कार्यालयमा आफ्ना सहकर्मीलाई आफूले सकेको वा जानेको महत गनुपर्दोरहेछ । अरूलाई सहयोग गर्ने बानीबाट उनीहरूको सम्मान पाउन सकिदो रहेछ । आफूले सम्मान पाउन अरूलाई सम्मान दिनुपर्दोरहेछ । आफूभन्दा सानालाई माया र ठुलालाई आदर गर्नु हाम्रो संस्कारको एक हिस्सा पनि हो । अरूबाट सम्मान पाउन अरूको कुरा राम्ररी सुन्नु पनि पर्दोरहेछ । जब तपाई मानिसको कुरा ध्यानसँग सुन्नुहुन्छ, त्यतिखेर मात्रै उनीहरूको नजरमा तपाईंप्रतिको सम्मान बढ्छ । सम्मान पाउन सामाजिक पनि बन्नुपर्दोरहेछ । यसका लागि आफ्नो जुन सम्पर्कलाई राम्रो बनाउनु पर्दोरहेछ । नरिसाउने, खुसी रहने र अरूसँग हाँसेर कुरा गर्ने व्यक्ति पनि सम्मान पाउन लायक हुँदारहेछन् ।

(क) अरूबाट सम्मान पाउन दयालु हुनुपर्दोरहेछ, यस वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् ।

(ख) रेखाङ्कित शब्दहरू यसका लागि, को कारक र विभक्तिको नाम लेख्नुहोस् ।

(ग) अरूलाई सहयोग गर्ने बानीबाट उनीहरूको सम्मान पाउन सकिँदोरहेछ, यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।

(घ) जब तपाइँ मानिसका कुरा ध्यानसँग सुन्नुहुन्छ, त्यतिखेर मात्रै उनीहरूको नजरमा तपाईंप्रतिको सम्मान बढ्छ । यस वाक्यमा भएका उद्देश्य र विधेय लेख्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्राश्नहरूको उत्तर दिनुहोस् :** **(४)**

हरेक धर्मले शुद्ध आचार र सदाचारलाई परम धर्म मानेको पाइन्छ। सदाचारले मानिसलाई नैतिकताको मार्गमा अग्रसर गराउँछ। यसको अभावमा मानित भौतिक सम्पन्नताले भरिपूर्ण भए पनि मनुष्यत्वका दृष्टिले जीर्ण वा कमजोर हुन्छ । हरेक मानिसभित्र सत् र असत् विचार हुन्छन् । सदाचारले नै मानिसका असल वा खराब विचारलाई नियन्त्रण गर्न सक्छ । सदाचारका लागि शरीर र मन दुवै पवित्र हुनुपर्छ। सदाचारमा पनि आफ्नै नियम छन्। सदाचारी बन्नका लागि सत्य अनि मधुर वचन बोल्नुपर्छ । आफूभन्दा उमेरले ठुलालाई आदर र सम्मान एवम् सानालाई स्नेह र सम्मान गर्न जान्नुपर्छ । सकेसम्म अरूको भलाहमा मन लगाउनुपर्छ । विद्यार्थीका लागि पढाइमा एकाग्र र लगनशील बन्नु, कसैसँग शत्रुता नराख्नु, माता, पिता र गुरूको आज्ञाकारी बन्न असल मित्रको संङ्गत गर्नु र सन्तुलित भोजनमा जोड दिनु नै सदाचारका आचरण हुन सक्छन्। विद्यार्थीमा कागको जस्तो चनाखोपन, बकुलाको जस्तो एकाग्रता, कुकुरको जस्तो सचेत निद्रा, भोजन ठिक्कमात्र गर्ने र पढ्नका लागि घरमन्दा टाढा रहने जस्ता पाँच लक्षणहरू हुनुपर्ने मानिन्छ।

(क) सदाचारको अभावमा मानिसलाई के हानि हुन्छ ?
(ख) सदाचारी बन्नका लागि चाहिने पहिलो सर्त के हो ?
(ग) सदाचारका नियमहरू के के हुन् ?
(घ) विद्यार्थीमा हुनुपर्ने पाँच लक्षणहरू के के हुन् ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

**(क) दिइएका बुँदाका आधारमा मोतीराम भट्टको छोटो जीवनी तयार पार्नुहोस्**

जन्म : १९२६ भाद्र, काठमाण्डौ
मातापिता : रिपुमर्दिनी देवी, दयाराम भट्ट
विवाह : १९३७
विशेषता :
- कवि, गजलकार, जीवनीकार, समालेचकका रूपमा
- परिचित बहुमुखी व्यक्तित्व
- फारसी, उर्दू, अङ्ग्रेजी, हिन्दी र संस्कृत भाषाको ज्ञान

योगदान :
- नेपालीमा गजल र समस्यापूर्ति कविताका आरम्भकर्ता
- नेपालमा छापाखाना स्थापना
- पत्रिका प्रकाशन
- भानुभक्तीय रामायणडो बालकाण्ड प्रकाशन

मृत्यु : वि.सं. १९५३

**(ख) परीक्षाफल प्रकाशित हुने अघिल्लो दिन आफ्ना मनमा खेलेका कुराहरू समेटी एक मनोवाद लेख्नुहोस् :**

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **(४)**

(क) तपाईंलाई चारित्रिक प्रमाणपत्र चाहिएकाले आफ्नो विद्यालयका प्रधानाध्यापकलाई एक निवेदन लेख्नुहोस् ।

(ख) आफ्नो विद्यालयको वार्षिकोत्सव कार्यक्रमका लागि चाहिने एक निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट चारओटा बुँदाहरू टिप्नुहोस्** **(२)**

प्रेरक व्यक्तित्वका जीवरका महत्वपूर्ण घटनाहरू समेटेर तयार पारिने गद्य विधा नै जीवनी हो । राष्ट्रिय तथा अन्तराष्ट्रिय जगत्मा ख्याति प्राप्त व्यक्तित्वको जीवनीबाट विद्यार्थीले सत्प्रेरणा प्राप्त गर्छन् । जीवनीमा व्यक्तिका चारित्रिक विशेषतालाई तथ्यपरक रूपमा प्रस्तुत गरिन्छ । व्यक्तिका चारित्रिक विशेषतालाई तथ्यपरक रूपमा प्रस्तुत गरिन्छ । व्यक्तिका सङ्घर्ष वा जीवनका उत्तारचढाब तथा उल्लेख्य कार्यको वर्णन गरिएको हुन्छ । विद्यार्थीमा मनोबल विकास गर्नु, सञ्चारित्र विकास गर्नु, जीवनको लक्ष्य निर्धारण गर्न सहयोग गर्न आदि यसका प्रयोजन रहन्छन् । विद्यार्थीमा विभिन्न विषयक्षेत्रका शब्दभण्डार क्षमता विकास अनि भाषाका बोध र अभिव्यक्ति सिप विकास गर्न चाहि जीवनी शिक्षणको भाषिक प्रयोजन हो । जीवनी पठनबाट विद्यार्थीमा सकारात्मक सोच, इमानदारिता, सामाजिक व्यवहार मानवीय भावना आदिको समेत विकास हुन्छ । यसले असल व्यक्तित्व निर्माणका साथै सार्थक, जीवनको मार्गमा अग्रसर हुन सघाउँछ ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** **(३)**

ससाना कार्यबाट प्राप्त हुने ठुलाठुला परिणामले पनि कर्तव्यको महानता झल्काउँछ । हरेक नागरिकले गर्नुपर्ने आ-आफ्ना कर्तव्यका दायरा छन् । आ-आफ्ना ठाउँबाट सबैले आ-आफ्ना कर्तव्य निर्वाह गरेको समाज सभ्य र सुसंस्कृत हुन्छ । ससाना कुरा मात्र हेरौं न । नागरिकले घर वरिपरि सफा गरे भने सिङ्गो गाउँ वा सहर सफा हुन्छ । कृषकले झरी, बादल नभनी गरेको मिहिनेतले सबैले खाने अन्न उत्पादन हुन्छ । समाजमा बस्ने नागरिकले एकअर्काको अस्तित्वको सम्मान र आदर गर्दै आफ्नो दायित्व निर्वाह गरेको समाज आदर्श समाज हुन्छ । शिक्षकले पेसाप्रतिको निष्ठा सम्झँदा र सोअनुसारको आचरण गर्दा शिक्षकको कर्तव्य पूरा हुन्छ । सरकारी कार्यालयबाट सेवाग्राहिले मुस्कानसहितको सेवा पाउँदा कर्मचारीको कर्तव्य पूरा भएको ठहर्छ । यसरी एकअर्काले आ-आफ्ना स्थानबाट कर्तव्य निर्वाह गर्दा समाज सभ्य र व्यवस्थित हुन्छ । त्यसैले कर्तव्यपालन अधिकारप्राप्तिको लक्ष्यभन्दा विशिष्ट छ ।

**१६. दिइएका प्रश्नका उत्तर दिनुहोस् :** **(४+४=८)**

**(क) दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नका उत्तर दिनुहोस् :**

देवकोटाले किशोर र पूर्व युवावस्थाको एउटै डुङ्गामा पारिवारिक जीवन, कलेज जीवन, अनुशिक्षण र साहित्यिक यात्रालाई निरन्तर खियाइरहे । वि.सं. १९८१ मा १५ वर्षको उमेरमा काठमाडौंको चालिसे परिवारकी मनदेवी चालिसेसँग यिनको विवाह भयो । वि.सं. १९८२ मा १६ वर्षको उमेरमा उनले म्याट्रिकुलेसन, परीक्षा उत्तीर्ण गरे । जाँच दिएपछि फुर्सदका समयमा अङ्ग्रेजी स्वच्छन्दतावादी कवि वर्डस्वर्थ र सेलीका कविता रूचिपूर्वक पढ्न थाले । वि.सं. १९८३ मा उनी त्यति बेलाको त्रिचन्द्र क्याम्पसमा आइएस्सीमा भर्ना भए । पढ्दै पनि गर्नुपर्छ, कमाउँदै पनि गर्नुपर्छ भन्ने घरपरिवारको आग्रहअनुरूप उनले अनुशिक्षण पेसा सुरू गरे ।

अ. युवावस्थामै देवकोटाले कस्ता कामलाई निरन्तरता दिनुपरेको थियो ?

आ. देवकोटा स्वच्छन्दतावादी कवि बन्नुको कारण के थियो ?

**(ख) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नका उत्तर दिनुहोस् :**

समग्रमा रोग लाग्नुभन्दा रोग लाग्न नदिनु सर्वोत्तम उपाय हो । रोग लागेपछि मानिसले रोगको प्रकृतिअनुसार विभिन्न उपचार पद्धति चयनको विकल्प छँदै छ । आधुनिक चिकित्सा

विज्ञानको पर्यायका रूपमा मान्ने गरिएको एलोप्याथिक औषधीको जस्तो पार्श्वप्रभाव नहुने र शरीरबाट रोगलाई पूर्णतः निमूलीकरण गरिने आयुर्वेदिक चिकित्सा पद्धतितर्फ मानिसको आकर्षण बढको छ । आफ्नो शरीरलाई स्वस्थ्य राख्न शरीरमा रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न र निरोगी जीवन सुखी जीवन को सपना साकार पार्न आयुर्वेदिक चिकित्साको प्रयोग आजको आवश्यकता र समयको माग बनेको छ ।

अ. आयुर्वेदिक चिकित्सा पद्धतिप्रति मानिसको आकर्षण बढनुको कारण के हो ?

आ. निरोगी जीवन नै सुखी जीवन हो, कसरी ?

**१७. मानिसको मन साह्रै शङ्कालु हुन्छ, शत्रु कथाका आधारमा तर्कसहित पुष्टि गर्नुहोस् :** (४)

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** (४)

(क) उदात्त कर्मको यात्रा गर्दछन् जो सधैँ सधैँ आदर्श नमुना मान्छे बन्दछन् विश्वमा तिनै ।

(ख) आपसी फुट नै जातिको पतनको चिह्न हो । यसले गर्दा व्यक्ति र समाजलाई मात्र होइन किन्तु देशलाई पनि गहिरो चोट लाग्ला जस्तो देखिन्छ । यदि ससुराज्यूबाट उठाइबक्सेको एकताको र राष्ट्रियताको जगमा मन्दिर खडा गर्न सकेनौँ भने हामीले बाँच्नु मर्नु हो ।

**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** (७)

**(क) दिइएको एकाङ्कीको अङ्श पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

उहाँ आफ्नो चाडवाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको कमारो भएर बस्ने ? जाऔँ हिंड जमान दाइ मर्नुपरे पनि बरू आफ्नै देशमा मरौँला, आफ्नै भुइँमा लम्पसार परौँला, आफ्नै खोलाका बगरमा आफ्नै वनका काठले जलौँला । हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमालको बतासमा मिलाए, हामी पनि त्यसै गरौँला । आफ्ना पुर्खाको धर्म धानौं ।

**अ. माथिको अंशमा के कस्तो देशभक्तिको भावना व्यक्त भएको पाइन्छ ?**

**(ख) दिहएको निबन्धांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

अब तपाइँ मात्रै पर्खनुपऱ्यो भनेर किन छटेपटाउनु हुन्छ ? जब तपाईंलाई नपर्खी सुखै छैन । त्यसैले मान्नोस्, पर्खाइ देखि डराउने पलायनवादी हो, पामर र पानीमरूवा हो । जुन आदर्श आज म तपाईंका अगाडि छाँट्दै छु, भोलि तपाईं मेरा अगाडि छाँट्नुहुन्छ । वास्तवमा तपाइँ पनि पर्खन चाहनुहुन्न, म पनि पर्खन चाहन्नँ । हामी दुबै चाहन्छौँ एउटा त्यस्तो दुनियाँ सिर्जना गरौं जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ।

**अ. पर्खाउने र पर्खने हाम्रा कमजोरीलाई हटाउन के कस्ता उपायहरू अपनाउनुपर्छ ? समीक्षा गर्नुहोस् ।**

**२०. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** (७)

(क) स्वरोजगारको सिर्जना : नेपालको आवश्यकता

(ख) हाम्रो खानपान र हाम्रो स्वास्थ्य

(ग) मेरो देशनै मेरो गौरव